**संघीय संसद**
**प्रतिनिधि सभा**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**
**२०८१ चैत १२ गते मंगलबार**
**बैठक संख्याः ११२**
**समयः ११:३० बजे**

**छलफल तथा निर्णय**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्विद्यालय विधेयक, २०८० का सम्बन्धमा दफावार छलफल गर्न समितिका माननीय सभापति अम्मर बहादुर थापाज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिती रहेको थियो । आजको बैठकमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्विद्यालय विधेयकको दफा ३६ देखि दफा ६४ सम्म दफाबार छलफल भयो

**निर्णय**

१. शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्विद्यालय विधेयक, २०८० को ३६ देखि ६४ सम्मका दफाहरु परिमार्जन सहित पारित गर्ने ।

२. दफावार छलफलमा समितिमा भएको सहमति अनुरुपको विधेयकको प्रतिवेदन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा समिति सचिवालयले ३ दिनभित्र तयार पार्ने

३. शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथिको दफावार छलफल हुँदा विश्वविद्यालयका सम्बन्धमा माननीय सदस्यहरुले केही नीतिगत विषयहरु उठाउनु भएको र त्यस्ता विषयहरु उच्च शिक्षा सम्बन्धी विधेयकमा समावेश गरी सबै विश्वविद्यालयहरुका हकमा एकरुपता कामय गर्न उपयुक्त हुने हुँदा माननीय सदस्यहरुका धारणाहरु समेत समेट्ने गरी जति सक्दो छिटो उच्च शिक्षा सम्बन्धी विधेयक संसदमा ल्याउन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने।

४. खवप विश्वविद्यालय स्थापना भएमा अन्य संस्थाहरुको शुल्कको आधाभन्दा कम शुल्कमा एमवीवीएस विषयको पठनपाठन गराउन सक्ने भनी प्रतिवद्धता व्यक्त भएको सन्दर्भमा समितिले विगतमा खवप विश्वविद्यालय सम्बन्धी विधेयक संसदमा ल्याउन निर्देशन दिएको भएतापनि हालसम्म पनि उक्त विधेयक दर्ता भई नसकेको हुँदा यसै अधिवेशन अवधिमा खवप विश्वविद्यालय सम्बन्धी विधेयक संसदमा दर्ता गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने।

५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग विद्यालय शिक्षा विधेयक माथिको छलफलका लागि आवश्यक पर्ने देहायका विवरण तथा कागजातहरु माग गर्ने

- हाल देशभर रहेका विद्यालय र ती विद्यालयमा अध्यापनरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरुको प्रदेशगत, जिल्लागत र तहगत संख्यात्मक विवरण
- देशभर रहेका विषयगत शिक्षकको विषयगत, प्रदेशगत र जिल्लागत विवरण
- हाल देशभर रहेका संस्थागत विद्यालयहरुको प्रदेशगत र जिल्लागत विवरण
- गुठी र कम्पनीमा दर्ता भएका संस्थागत विद्यालयहरुको प्रदेशगत र जिल्लागत विवरण
- नेपाल सरकारले शिक्षकहरुसँग गरेको संझौताको प्रमाणित प्रति

६. कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने दशौं राष्ट्रिय खेलकूद प्रतियोगिताको तयारी तथा समस्याका सम्बन्धमा जानकारी लिन र मध्य पश्चिम विश्वविद्यालय एवं कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थलगत अवलोकन गरी विद्यमान अवस्था, समस्या तथा चुनौतीको बारेमा जानकारी लिन चैत्र २२ देखि २५ सम्म स्थलगत अवलोकन गर्ने । स्थलगत अवलोकनमा सहभागी हुने सदस्यहरुको नाम समितिमा प्रतिनिधित्व गर्ने दलहरुसँग समन्वय गरी माननीय सभापतिले मनोनयन गर्ने ।

| | |
|---|---|
| .............................. | .............................. |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |